आज मिति २०७८ साल माघ महिनाको ६ गते बिहिवारका दि
बस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमा
सिंह अर्याल ज्यूको अध्यक्षतामा नगरपालिकाको ७७ औं बैठक बसी तप
बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो

उपस्थिति :-

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप-प्रमुख | | श्री लक्ष्मी देवी अधिकारी |
| ३, | प्र. प्र. अ. | | श्री इमनाथ कडेल |
| ४, | वडा अध्यक्ष | वडा नं (१) | श्री बलराम श्रेष्ठ |
| ५, | — " — | (२) | श्री गणेश बहादुर कडेल |
| ६, | — " — | (३) | श्री सुर्य कुमार श्रेष्ठ |
| ७, | — " — | (४) | श्री लाल बीर गुरुङ |
| ८, | — " — | (५) | श्री बम बहादुर गुरुङ |
| ९, | — " — | (६) | श्री भोज बहादुर रिमाल |
| १०, | — " — | (७) | श्री गोविन्द बस्नेत |
| ११, | — " — | (८) | श्री पवित्रा थापा राना |
| १२, | — " — | (९) | श्री शरद बराल |
| १३, | — " — | (१०) | श्री पुर्ण बहादुर थापा |
| १४, | — " — | (११) | श्री अच्युत बाबु बगाले |
| १५, | कार्यपालिका सदस्य | | श्री विष्णु माया राना |
| १६, | — " — | | श्री मन्दिरा दर्नाई |
| १७, | — " — | | श्री देव बहादुर गहतराज |
| १८, | — " — | | श्री अजय मजाकोटी |
| १९, | — " — | | श्री मन माया गुरुङ |
| २०, | — " — | | श्री दोज बहादुर खवास |
| २१, | — " — | | श्री कृष्ण नेपाली |
| २२, | — " — | | श्री आशा तामाङ |

सहजकर्ता कर्मचारीहरु :-

| | | |
|---|---|---|
| २३, | अधिकृत | श्री महेन्द्र पोखरेल |
| २४, | " | श्री विमला गौडे |
| २५, | ना. सु. (सहायकस्तर पाँचौं) | श्री गोविन्द बहादुर राउत |

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

*नगर कार्यपालिकाको मिति २०७८ माघ ६ गतेको बैठकका एजेण्डाहरु*

- दशौं नगरसभा सम्बन्धमा ।
- सुरक्षित नागरिक आवास कार्यक्रमको सम्बन्धमा ।
- कोभिड प्रभावित विपन्न परिवारलाई राहत प्रदान गर्ने सम्बन्धमा ।
- ह्याते ट्याक्टर खरिद सम्बन्धमा ।
- लमजुङ दरबार क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासको लागि संघीय सरकारले जिम्मेबारी लिन अनुरोध गर्ने सम्बन्धमा ।
- बेनपा ११ रामचोकबेसीमा सेवा केन्द्र स्थापना र सञ्चालन सम्बन्धमा ।
  - वडा सेवा केन्द्र
  - हेल्थ डेक्स
  - प्रहरी विट
- शिक्षातर्फ विनियोजित जोखिम न्यूनीकरण सचेतना कार्यक्रम तर्फका कार्यक्रम सम्बन्धमा । (लेखा परीक्षण पारिश्रमिक र २०७९ को शैक्षिक क्यालेण्डर निर्माण)
- आवधिक योजना र O & M सम्झौताको म्याद थप सम्बन्धमा ।
- राजश्व सुधार योजना र लैससास रणनीति निर्माण सम्बन्धमा
- स्थानीय तहको खानेपानी सरसफाई तथा स्वच्छता योजना तयारी कार्यक्रम सम्बन्धमा ।
- राजश्व शाखासंग सम्वन्धित विषयको सम्बन्धमा
- योजना ब्रेक डाउन/संशोधन सम्बन्धमा । (वडा नं ४, ८, ५, ११.)
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको सम्बन्धमा ।
- स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ सम्बन्धमा ।
- स्वास्थ्य केन्द्र निर्माण (वडा नं ३ र ९) को रकम माग सम्बन्धमा ।
- विविध
  - राहत वितरणको भुक्तानी सम्बन्धमा ।
  - सिसी क्यामरा जडान सम्बन्धमा ।
  - ल्याव टेक्निसियनको म्याद थप सम्बन्धमा ।
  - पञ्जिकरणतर्फका कर्मचारीको तलब सम्बन्धमा ।
  - मोटरसाइकल मर्मत र इन्धन खर्च सम्बन्धमा ।

## बैठकका निर्णयहरु

**निर्णय नं १ : दशौं नगरसभा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक बर्ष २०७८/०७९ को हिउँदे नगरसभा एवम् दशौं नगरसभाको बैठक मिति २०७८ माघ २४ गते सोमबार दिनको ११.०० बजे जिल्ला समन्वय समितिको सभाहलमा नेपाल सरकारले जारी गरेको स्वास्थ्य प्रोटोकल पालन गर्ने गरी बस्ने निर्णय गरियो ।

**निर्णय नं २ :सुरक्षित नागरिक आवास कार्यक्रमको सम्बन्धमा ।**

सशर्त अनुदानतर्फको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत घर बनाउने तथा घर छाउने कार्यको लागि नेपाल सरकारले जारी गरेको सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ वमोजिम यस बेसीशहर नगरपालिकाका सम्झौता भएका कुल १३९ घर परिवारहरुलाई गत आवमा पहिलो किस्ता रकम उपलब्ध गराइएको सन्दर्भमा कार्य सम्पन्न गरेका लाभग्राहीहरुलाई उक्त कार्यविधिको दफा ७ वमोजिम सम्वन्धित प्राविधिकबाट प्राविधिक प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदन प्रमाणित पश्चात दोश्रो तथा अन्तिम किस्ता बापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ३ : कोभिड प्रभावित अति विपन्न परिवारलाई राहत प्रदान गर्ने सम्बन्धमा ।**

नेपाल सरकारको कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ वमोजिम यस बेसीशहर नगरपालिकामा लाभग्राहीको अधिकतम संख्या सीमा ५२७ रहेको तर तोकिएको संख्याभन्दा बढी संख्यामा नगद प्राप्तिको लागि निवेदन प्राप्त हुन आएको हुँदा महामारीबाट अति प्रभावित अति विपन्न परिवारलाई प्राथमिकतामा राखी सो संख्यामा नबढ्ने गरी लाभग्राही छनौट गर्न नगरप्रमुख, उपप्रमुख र सम्बन्धित वडाध्यक्षलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ४ : हाते ट्याक्टर खरिद सम्बन्धमा ।**

कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत कृषकहरुलाई वितरण गर्ने मिनि ट्रिलर (हाते ट्याक्टर) खरिदको सम्बन्धमा नगरप्रमुखको रोहबरमा सप्लायर्सहरुसंग घटाघटको बार्गेनिङ गर्दा सप्लायर्सहरुले गत बर्षकै मूल्य प्रतिगोटा ६ हर्ष पावरको रु. ६० हजार, ७ हर्ष पावरको रु ७० हजार र ५ हर्ष पावरको रु ५० हजारको दररेटमा गत बर्ष वितरण गरिएकै स्पेशिफिकेसनको सामान उपलब्ध गराउन मन्जुर भएकोले उक्त सप्लायर्सहरुबाट सामान खरिद गर्ने तथा कृषकहरुले उनीहरुको रोजाई वमोजिम जुनसुकै हर्ष पावरको लगे पनि खरीद मूल्यको ५० प्रतिशत वा रु. २८ हजारमध्ये जुन कम हुन्छ सो अनुदान नगरपालिकाले व्यहोर्ने गरी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : लमजुङ दरबार क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासको लागि संघीय सरकारले जिम्मेबारी लिन अनुरोध गर्ने सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिका वडा नं ३ गाउँशहरमा अवस्थित शाहवंशीय राजाहरुले राज गरेको लमजुङ दरबार क्षेत्र पुरातात्विक तथा ऐतिहासिक हिसावले अत्यन्त महत्वपूर्ण राष्ट्रिय सम्पदाको रुपमा रहेको र यसको संरक्षण, सम्बर्द्धन र विकासको लागि नगरपालिकाको आर्थिक र प्राविधिक क्षमताबाट मात्र सम्भव नदेखिएको हुँदा नेपाल सरकारकै स्वामित्व र अग्रसरतामा यस क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासमा आवश्यक सहयोग

हुन नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पुरातत्व विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : बेनपा ११ रामचोकबेसीमा सेवा केन्द्र स्थापना र सञ्चालन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ११ (साविक चिती गाविस) भौगोलिक तथा जनसंख्याको हिसावले पनि ठूलो भएको र सो वडाको रामचोकबेसीमा जनघनत्व बढ्दै गएकोले वडा कार्यालय लगायत तिलाहारबाट प्रदान गरिने सेवा सुविधा प्राप्त गर्न रामचोकबेसीका नागरिकलाई अत्यन्तै कठिन भएको हुँदा देहायका सेवा केन्द्रहरु रामचोकबेसीबाट पनि सञ्चालन गर्ने निर्णय गरियो ।

देहाय

१. वडा कार्यालय सेवा केन्द्र (हप्तामा २ दिन सञ्चालन गर्ने गरी)

२. हेल्प डेक्स

३. प्रहरी विट (जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गर्ने )

**निर्णय नं ७ : शिक्षातर्फ विनियोजित जोखिम न्यूनीकरण सचेतना कार्यक्रम तर्फका कार्यक्रम सम्बन्धमा ।**

चालु आ.व. शिक्षातर्फ जोखिम न्यूनीकरण समेतना कार्यक्रममा विनियोजित रु. २ लाख देहाय अनुसारका कार्यक्रममा खर्च गर्ने निर्णय गरियो ।

(क) जन विकास माविको आ.व. २०७३।७४ को पुनः लेखा परीक्षण गर्न खटाएकोमा लेखा परीक्षकहरु (महेन्द्र शर्मा पौडेल र हरिश्चन्द्र न्यौपाने) को पारिश्रमिक भुक्तानी : रु १,२७,०००।-

(ख) शैक्षिक बर्ष २०७८ को शैक्षिक क्यालेण्डर निर्माण : रु.७३,०००।-

**निर्णय नं ८ : आवधिक योजना र O & M सम्झौताको म्याद थप सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आवधिक योजना निर्माण र संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि जिम्मेवारी पाएको UNIVERSSAL SUSTAINANLE DEVELOPMENT CONSULTANCY संगको सम्झौताको म्याद २०७८ फागुन मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ : राजश्व सुधार योजना र लैससास रणनीति निर्माण सम्बन्धमा ।**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखराको सहयोग समेतमा बेसीशहर नगरपालिकाको राजश्व सुधार कार्ययोजना तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनीति निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं १० :स्थानीय तहको खानेपानी सरसफाई तथा स्वच्छता योजना तयारी कार्यक्रम सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको खानेपानी, सरसफाई, तथा स्वच्छता योजना (WASH PLAN) तयारी कार्यक्रमको लागि रु ६ लाख ८० हजार रकम प्राप्त भएको हुँदा उक्त कार्यक्रम अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ११ : राजश्व शाखासंग सम्वन्धित विषयको सम्बन्धमा**

(क)अन्य स्थानीय तहमा सूचीकृत गरी व्यवसाय कर तिरेका र बेसीशहर नगरपालिकामा समेत सञ्चालन हुन आएका व्यवसायिक प्रतिष्ठानको हकमा व्यवसाय कर तिरेको रसिद र सूचीकृत प्रमाणपत्र भएमा रु. १०००।- (एक हजार मात्र) राजश्व लिने निर्णय गरियो ।

**निर्णय नं १२ : योजना संशोधन/ब्रेक डाउन सम्बन्धमा ।**

चालु आ.व. २०७८।०७९ का देहायको नगरस्तरीय तथा वडास्तरीय योजनाहरुलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

विवरण

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| १. जनचेतना आमा समुह भवन निर्माण बेनपा ४ (नगरस्तरीय/२०७८।८।७ को बैठक) | ३००००० | १. जनचेतना आमा समुह भवन निर्माण बेनपा ४ (नगरस्तरीय) | ५००००० (आन्तरिक श्रोत फुटकर योजना) |
| १.विपद् व्यवस्थापन बेनपा ४ | ३००००० | १.पहिरोको माटो फाल्ने तथा बाटो सफा गर्ने बेनपा ४<br>२.फोस्रे टि.एफ. मर्मत बेनपा ४ | १५००००<br>५०००० |
| २. कृषि प्रवर्द्धन कार्यक्रम बेनपा ४ | १५०००० | २.५०% अनुदानमा गोला सहितको मौरी घार वितरण बेनपा ४ | १५०००० |
| २.भीमसेनस्थानको बाँकी अधुरो पार्क पुरा गर्ने काम, नारायणस्थान टोल सिमेन्टको गमला विरुवा सहित वातावरण मैत्री कार्यक्रम र खानेपानी अगाडिको अधुरो मिनि पार्क निर्माण बेनपा ८ | ५००००० | १.भीमसेनस्थान अधुरो पार्क निर्माण (लमजुङ मर्स्याङ्दी युवा क्लव मार्फत कार्यान्वयन हुने गरी) बेनपा ८<br>२.नारायणस्थान टोलमा महिला वातावरण अन्तर्गत सिमेन्टको गमलामा विरुवा सहितको कार्यक्रम बेनपा ८<br>३. बेसीशहर खानेपानी उपभोक्ता समितिको कार्यालय अगाडिको अधुरो मिनि पार्क निर्माण बेनपा ८ | ३०००००<br>१५००००<br>५०००० |
| १ विद्यार्थीहरुलाई स्टेशनरी खरिद बौद्ध मिनल प्राबि बेनपा ५ | ५०००० | बौद्ध मिलन मिलन प्रा.वि. रंगरोगन बेनपा ५ | ५०००० |
| १. सडक बोर्ड समपुरक बेनपा ११ | ९००००० | १. बाल विकास मा.वि. सञ्चालन फर्निचर खरिद बेनपा ११<br>२.निर्माणाधिन तिलाहार बजार मञ्च शौचालय भवन निर्माण बेनपा ११<br>३.भेटेरीनरी शाखा पशुपन्छी औषधी खरिद<br>४.युवाज्योती प्रा.वि. गेट निर्माण<br>५. कागती अनुदानमा खरिद एवम् वितरण | १०००००<br>६५००००<br>५००००<br>५००००<br>५०००० |
| २. विविध तथा कार्यालय सामान खरिद | २३३००० | १.समाज सेवा युवा क्लव खेलकुँद सामान खरिद बेनपा ११<br>२.वडा कार्यालय भवन उद्घाटन कार्यक्रम | २५०००<br>५०००० |

**निर्णय नं १३ : प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको सम्बन्धमा ।**

प्रधानमन्त्री रोजगार कार्यक्रमको सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं २११ मिति २०७८।१०।५ को प्राप्त पत्रानुसार प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोश्रो संशोधन) को दफा २७ मा "श्रमिकको काम वापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकममध्ये जुन बढी हुन्छ सोही दर कायम हुनेछ" भन्ने व्यवस्था भए वमोजिम यस बेसीशहर नगरपालिकामा पनि सोही अनुसार श्रमिकको ज्याला दररेट कायम गर्ने ।

(ख) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आव २०७८।७९ मा कार्यान्वयन गर्नको लागि सूचीकृत भएका योजनाहरुमध्येबाट लागत अनुमान तयार गरी क्रमशः कार्यान्वयनमा लैजाने ।

**निर्णय नं १४ : स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ सम्बन्धमा ।**

बेसीशहर नगरपालिकामा दर्ता, अनुमति तथा नविकरण हुन आउने कुनै पनि स्वास्थ्य संस्थाहरुहरुको दर्ता, अनुमति तथा नविकरणको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ (संशोधन सहित) तथा जनस्वास्थ्य सेवा नियमावली २०७७ वमोजिम गर्ने निर्णय गरियो । साथै बेसीशहर नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि,२०७६ आवश्यकतानुसार संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ : स्वास्थ्य केन्द्र निर्माणको रकम माग सम्बन्धमा ।**

स्वास्थ्य संस्था नभएका वडाहरुमा स्वास्थ्य केन्द्र सञ्चालन गर्ने नेपाल सरकारको कार्यक्रम अनुरुप यस बेसीशहर नगरपालिका वडा नं ३ र ९ मा गतभन्दा अघिल्लो आ.व. मा स्वास्थ्य संस्था भवन निर्माणको लागि काम शुरु गरिएकोमा विगत २ आ.व.मा कोभिड १९ को कारण भवन निर्माण कार्य सम्पन्न हुन नसकेको र चालु आवमा उक्त दुई वटै वडामा स्वास्थ्य संस्था भवन निर्माणको कार्य सम्पन्न भै सकेको तर नेपाल सरकारबाट बजेट प्राप्त नभएकोले सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी दिन नसकिएको हुँदा यथाशिघ्र रकम उपलब्ध हुने व्यवस्थाको लागि आवश्यक कागजात सहित सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १६ : राहत वितरणको भुक्तानी सम्बन्धमा ।**

चालु आर्थिक वर्षमा विभिन्न १६ जना विपन्न व्यक्तिहरुलाई विभिन्न खाद्यान्न सामाग्री उपलब्ध गराइएको हुँदा सामान खरीद वापतको रु २२१२०। आन्तरिक श्रोतको उद्धार, राहत तथा पुनर्स्थापना शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १७ : सिसी क्यामरा जडान सम्बन्धमा ।**

बेसीशहर नगरपालिका ७ सहजीस्थित बसपार्क चोकमा सिसिटिभि जडान गर्न अत्यावश्यक भएको हुँदा उक्त स्थानमा सिसिटिभि जडान गर्नको लागि मेसिनरी तथा औजार शिर्षकबाट रु ६० हजार विनियोजन गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/१०/०६ गतेको बैठक

**निर्णय नं १८ : ल्याव टेक्निसियनको म्याद थप सम्बन्धमा ।**

यस नगरपालिकाको स्वास्थ्य शाखामा ल्याव टेक्निसियन पदमा करार सेवामा कार्यरत कृष्ण थापाको करार सम्झौताको म्याद २०७८ पौष मसान्तमा समाप्त भएको हुँदा म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी सो करार सम्झौताको म्याद २०७९ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १९ : पञ्जिकरणतर्फका कर्मचारीको तलब सम्बन्धमा ।**

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग काठमाण्डौको च.नं १२०४ मिति २०७८।९।२७ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत यस नगरपालिकामा कार्यरत एम. आइ. एस. अपरेटर र फिल्ड सहायकको आगामी आ.व. २०७९।८० को कुल पारिश्रमिकमा आधा (५० प्रतिशत) रकम नगरपालिकाको तर्फबाट साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं २० : मर्मत तथा इन्धन खर्च सम्बन्धमा ।**

(क) नगरपालिकामा कार्यरत प्राविधिकहरुले मासिक १० लिटर सवारी इन्धन सुविधा लिएकोमा अबबाट मासिक १५ लिटर कायम गर्ने ।

(ख) कार्यालयको नाममा रहेका सरकारी मोटरसाइकलहरुको बार्षिक मर्मत खर्च सीमा रु १५०००।- तोक्ने ।